# सामाजिक सुरक्षा कार्यक्रम प्रबर्द्धन रणनीतिक योजना

## आर्थिक वर्ष (२०७८।७९- २०८२।८३)

**Social Protection Civil Society Network**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको भाद्र १ गतेको साधारण सभाबाट पारित भई भाद्र १५ गतेबाट कार्यान्वयनमा आएको ।

# विषयसूची

रणनीतिक योजना दस्तावेजको मध्यकालिन समीक्षा र परिमार्जित दस्तावेज ........ ३

दस्तावेजमा प्रयोग भएका शब्दावली र तिन्को परिभाषा ........ ४

परिच्छेद - १ ........ ५

परिचय ........ ५

१.१ पृष्ठभूमि ........ ५

१.२ नेपालमा सामाजिक सुरक्षा ........ ६

१.३ सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था ........ ७

१.३.१ संवैधानिक व्यवस्था ........ ८

१.३.२ कानूनी व्यवस्था ........ ८

१.३.३ राष्ट्रिय नीति तथा उद्देश्य ........ ९

१.३.४ दीगो विकास लक्ष्य ........ ९

१.३.५ नेपाल अनुमोदित सामाजिक सुरक्षा सम्बद्ध अन्तर्राष्ट्रिय महासन्धिहरु तथा प्रतिवद्धताहरु ........ १०

१.४ सामाजिक सुरक्षामा सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको भूमिकाको समीक्षा ........ १०

१.५ पाँच वर्षीय रणनीतिक योजना तर्जुमा प्रकृया ........ ११

१.६ परिसीमन ........ १२

परिच्छेद - २ ........ १४

रणनीतिक योजना ........ १४

२.१ पृष्ठभूमी ........ १४

२.२ सवल पक्ष ........ १४

२.२.१ सञ्जाल सदस्य संस्थाहरुको कार्यक्षेत्र तथा संस्थागत क्षमता सम्बन्धी विवरण ........ १५

२.३ कमजोर पक्ष ........ १८

२.४ अवसर ........ १८

२.५ चुनौती ........ १९

२.६ सञ्जालले प्रभाव (**influence**) पार्नसक्ने मूख्यमूख्य समस्याक्षेत्र **(gaps)** ........ १९

२.७ दूरदृष्टि (**vision**), अभियान (**mission**), लक्ष्य, उद्देश्य र रणनीति ........ २०

२.८ प्रमुख कार्यनीतिहरु ........ २२

२.९ नतिजा तथा कार्यक्रम ........ २३

२.१० कार्यक्रम तथा बजेट ........ ३४

परिच्छेद-३ ........ ३८

अनुगमन तथा मूल्याङ्कन र सञ्चार योजना ........ ३८
३.१ अनुगमन ........ ३८
३.२ मूल्याङ्कन ........ ३८
३.३ सञ्चार योजना ........ ३९
३.४ जोखिम पक्ष र अनुमान ........ ४४

# रणनीतिक योजना दस्ताबेजको मध्यकालिन समीक्षा र परिमार्जित दस्ताबेज

(जेठ २०८०)

नेपालमा सामाजिक सुरक्षा सम्बन्धी नागरिको हकको प्रबर्द्धन गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको दीर्घकालीन रणनीतिक योजनाको (२०७८/७९- २०८२/८३) दुई कार्यान्वयन वर्ष व्यतित भएको छ । यो योजना राष्ट्रिय योजनाहरु, प्रदेश योजनाहरु र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सरकारी निकाय तथा वैदेशिक सहयोग संस्थाहरुको अवधारणा र नीतिहरु सँगको सामञ्जस्यका साथ तयार गरिएको थियो । योजना दस्तावेजले निर्दिष्ट गरे अनुसार योजनाका निर्धारित लक्ष्य एवं उद्देश्यहरु, नीति, रणनीति, योजना, कार्यक्रमको मध्यावधि समीक्षा र लेखाजोखा गरी योजना अवधिको बाँकी समयका लागि आवश्यक कार्यान्वयन दिशानिर्देश गर्न सञ्जाल सदस्यहरुको सहभागितामा एक समीक्षा एवम् छलफल कार्यकम आयोजना गरिएको थियो । योजनाको कार्यान्वयनको लेखाजोखा एवम् समीक्षा गरिंदा सामाजिक सुरक्षा नागरिक समाज सञ्जालका तर्फबाट अघिल्ला दुई आ. व. को भौतिक एवम् वित्तीय प्रगति तथा कार्यान्वयनमा देखापरेका कठिनाइ तथा चुनौतीहरु प्रस्तुत गरिएको थियो । समीक्षामा उठेका विषयबस्तुको सन्दर्भ र योजना अवधिको बाँकी समयमा अपनाउनुपर्ने रणनीतिहरुका सम्बन्धमा सञ्जाल सदस्यहरु सम्मिलित ५ वटा कार्यसमूहहमा दस्ताबेजमा उल्लेख भएका ५ वटा उद्देश्यहरुलाई विस्तृत समीक्षा गर्ने काम सम्पन्न गरिएको थियो । कार्यसमूहले रणनीतिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा, सूचक र लगानीका सम्बन्धमा विस्तृत छलफल गरी दिएको सुझाव एवम् पृष्ठपोषणहरुलाई विज्ञ टोलीले योजना दस्ताबेजको सम्बन्धित खण्डहरुमा समाहित गरी दस्तावेज परिमार्जन गरिएको हो ।

## दस्तावेजमा प्रयोग भएका शब्दावली र तिन्को परिभाषा

**लक्षित वर्ग/ समूह**

बालबालिका, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, एच. आइ. भि. एड्स सङ्क्रमित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरु, युवा, दलित, सिमान्तकृत, अल्पसंख्यक, मानव बेचबिखनमा परेका महिला, र भूमिहीन, सुकुम्बासी समुदाय ।

**सामाजिक सुरक्षा**

नेपालको संविधानले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई प्रदान गरेको सामाजिक सुरक्षाको हक अन्तर्गत जीवनयापनका लागि अतिरिक्त श्रोतहरु नभएका, अत्यन्त जोखिममा परेका, सीमान्तकृत तथा वहिष्करणमा परेका समुदाय/समुहहरुलाई राज्यका तर्फबाट प्रदान गरिने आर्थिक सहयोग ।

**सामाजिक संरक्षण**

सामाजिक सुरक्षा सेवाहरू सुनिश्चित गर्ने नीति, कानून, संस्थागत व्यवस्था र स्रोत सुनिश्चितता जस्ता विषयलाई सामाजिक संरक्षणले सम्बोधन गर्दछ ।

**श्रम र रोजगारी आबद्ध सामाजिक सुरक्षा**

श्रम बजारको सहज सन्चालन र रोजगारी प्रवर्धन तर्फ लक्षित नीति तथा कार्यक्रमहरु श्रमबजार सम्बन्धी सामाजिक सुरक्षाका कार्यक्रमका रुपमा बुझिन्छ । सामाजिक सुरक्षाका हकमा सामान्यतया सीप विकास र रोजगारीको खोजीजस्ता श्रम बजारका सक्रिय कार्यक्रमहरुलाई लिने गरिन्छ ।

**सामाजिक बीमा**

सामाजिक बीमा कार्यक्रमहरु सामान्यतया योगदानकर्ताहरुको वित्तिय योगदानबाट सन्चालित हुन्छन् र बीमाका नीतिहरुमा आधारित हुन्छन् । आकस्मिक आर्थिक परिवर्तनहरुका जोखिमबाट सुरक्षित रहन सामाजिक बीमा शुरु गरिएको हो । यस अन्तर्गत कृषिबाली, पशुधन वीमा, वृद्धावस्थाको निवृत्तिभरण, बेरोजगारी, अपांगता, रोजगारको समयमा भएको दुर्घटना घाइते, स्वास्थ्य उपचार आदि पर्दछन ।

**विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरु (shock responsive/adaptive)**

सङ्कटको अवस्थामा प्रभावित व्यक्तिहरुलाई तत्कालीन सहयोग पुर्याउन सक्ने र तत्पश्चात पुनः पहिले कै अवस्थामा फर्किन मद्दत पुर्याउने कार्यक्रमहरुलाई विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रम भनिन्छ ।

# परिच्छेद - १
# परिचय

## १.१ पृष्ठभूमि

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले सामाजिक सुरक्षाको अधिकारलाई मानव अधिकारको अङ्गको रुपमा लिएको छ । विश्वका अधिकांश मुलुकहरुले मानव जीवनचक्रमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरु अबलम्बन गरेका छन तर पनि करिब २० प्रतिशत जनसंख्यालाई मात्र आवश्यकता अनुरुप सामाजिक सुरक्षा उपलब्ध छ। विकसित र विकासशील दुबैथरीका राष्ट्रहरुले आफ्नो स्रोत, साधन र आर्थिक क्षमताका आधारमा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको हुन्छ। तथापी यी राष्ट्रहरुमा सामाजिक सुरक्षामा भएको लगानीको अनुपात न दाँजिने किसिमले फरक देखिएको छ । पछिल्ला समयमा सामाजिक सुरक्षाका कार्यक्रमहरुको दायित्व क्रमिकरुपमा कमगर्दै लैजान योगदानमा आधारीत (contributory) सामाजिक सुरक्षाका कार्यक्रमहरुको विस्तार हुँदै गएको छ भने विपद जोखिम न्यूनीकरण लगायत अन्य प्रकारका आर्थिक सङ्कटमा समेत प्रभावितहरुका लागि यस्तो सहयोग उपलब्ध गराउने विपद् संवेदनशील सामाजिक सुरक्षा जस्ता नवीन अवधारणाहरु (Shock responsive/ Adaptive) प्रयोगमा आउन थालेका छन ।

नेपालको सङ्घीय संविधानले लोक कल्याणकारी राज्यको अवधारणामा सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। जनताको नैसर्गिक आवश्यकता सम्बन्धित स्वास्थ्य, शिक्षा, रोजगारी र खाद्य सम्प्रभुता लगायतका मौलिक हकहरुको कार्यान्वयन गर्न सङ्घीय, प्रदेश र स्थानीय तहहरुमा नीति तथा कानूनहरु प्रतिपादन भएका छन् । नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमहरु लामो समय देखि सङ्घीय सरकारको कार्यक्रमका रुपमा स्थापित छन। आर्थिक तथा बस्तुगत सहायताका रुपमा चलिआएका यी कार्यक्रमहरु सरकारी संयन्त्रबाट संचालित र नियन्त्रित छन। सामाजिक सुरक्षाका कार्यक्रमहरुमा अन्तर्राष्ट्रिय प्रत्यक्ष सहयोग जुटेको अवस्था छैन । सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुको बढ्दो खर्चका कारण कार्यक्रमहरुको बिस्तार र व्यवस्थापन जटिल बन्दै गएको छ । सामाजिक सुरक्षाका  कार्यक्रमहरु विभिन्न निकायबाट प्रदान गरिने सेवा सुविधामा दोहोरोपना रहेको छ। अन्तरनिकाय जिम्मेवारी र जवाफदेही तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धबारे स्पष्टता नभएको कारण समन्वय र कार्यान्वयनगत समस्याहरु लामो समयदेखि रहिआएका छन्। दर्ता तथा भुक्तानी प्रणालीमा लाभग्राही लक्षितवर्गको सहज पहुँच स्थापित गर्न नसक्दा सामाजिक संरक्षणका सेवाहरूको वितरण पनि प्रभावकारी हुनसकेको छैन ।

सामाजिक सुरक्षालाई नागरिकको अधिकारका रुपमा स्थापित गर्नका लागि सरकार द्वारा सचालित कार्यक्रमहरुमा लक्षितवर्गको पहुँच बढाउनका लागि पैरवी र वकालत गर्ने र सार्वजनिक निकायको जवाफदेहिता बढाउन खबरदारी गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल विभिन्न विषयगत सामाजिक हितकारी संस्थाहरुको अनौपचारिक सञ्जालको रुपमा बिक्रम सम्बत २०७० मा स्थापना भएको हो । सामाजिक सुरक्षाका साझा सबालहरुमा बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ता, मानव बेचबिखन, एड्स संक्रमण, भूमिहिनको अधिकार जस्ता संवेशदनशील सवालमा कार्यरत १६ वटा संस्थाको प्रतिनिधित्व बहस, अभियान र पैरवीका लागि साझा सञ्जालको रुपमा कार्यरत सञ्जालले विगत एक दशक देखि सामाजिक सुरक्षकाको विषयलाई राज्यको प्राथमिकतामा राख्न प्रयासरत छ। सामाजिक सुरक्षा सँग सम्बन्धित राज्का नीति तथा कार्यक्रम निर्माण गर्न, संशोधन र परिमार्जन गर्न तथा प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण र क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गर्ने उद्येश्यले समेत स्थापित सञ्जालले विश्वव्यापीरुपमा प्राथमिकताका रहेको यस विषयको उठानका लागि थप सशक्त रुपमा काम गर्न संस्थालाई विधिवतरुपमा गैर सरकारी संस्थाको रुपमा दर्ता गरेको छ ।

सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि आफ्ना सिमीत समन्वयात्मक आर्थिक स्रोतबाट संचालन भइ आएका कार्यक्रमहरुको कार्यान्वयनको परिणामबाट उत्साहित भएर सञ्जालले सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय आवश्यकता र विश्वव्यापी अवधारणा अनुसार नागरिको हकको प्रबर्द्धन र नवीन आयाम संचालन गरी संस्थाको उद्येश्य प्राप्तीका लागि दीर्घकालीन रणनितिक योजना बनाउनु आवश्यक महशूस गरेको पृष्ठभूमिमा यो रणनीतिक योजना (२०७८/७९- २०८२/८३) तर्जुमा गरिएको हो । यो योजना तयार गरिंदा राष्ट्रिय योजनाहरु, प्रदेश योजनाका दस्तावेज र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सरकारी निकाय तथा वैदेशिक सहयोग संस्थाहरुको अवधारणा र नीतिहरु सँगको सामञ्जस्य हेरिएको छ ।

## १.२ नेपालमा सामाजिक सुरक्षा

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्थामा रहेका, जोखिममा परेका वा जोखिमउन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरुबाट जोगाइ सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरुलाई सामाजिक सुरक्षा भनिन्छ । सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरुको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरुको उक्त जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरुलाई बुजउँछ (संयुक्त राष्ट्र संघको सामाजिक विकास अध्ययन केन्द्र (https: www.unrisd.org) । सामाजिक संरक्षण पद्धति तथा कार्यक्रमले राज्य र नागरिक बीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक

न्याय र समावेशी बनाउने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने कार्य गर्दछ । नेपालका सार्वजनिक दस्तावेजहरुमा सामाजिक सुरक्षा जालो, सामाजिक सुरक्षा र सामाजिक संरक्षण तीनैवटा शब्दहरु समान अर्थ र प्रसंगमा प्रयोग गरिएको पाइन्छ छ र ती सबै गरीब र जोखिममा रहेका र रहन सक्ने व्यक्ति वा समूहको सेवा सुविधामा केन्द्रित छन ।

नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी बिक्रम सम्बत् १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयास सँगै सुरु भएको देखिन्छ । त्यसपछि बिक्रम सम्बत १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक बर्षपछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य सुरु भएको देखिन्छ । योजनागत रुपमा विशेषगरी छैठौं योजना (बि.सं.२०३७-०४२) देखि गरीब र सीमान्तकृत समूहको आधारभूत आवश्यकताहरुलाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिन्छ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा थप प्राथमिकता दिंदै आठौँ योजना (बि.सं. २०४९-०५४) मा गैरसरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्थापित गरी सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ ।

आठौं योजनामा कल्याणकारी अवधारणामा प्रारम्भ भएका कतिपय सामाजिक संरक्षणका कार्यक्रमहरु पन्ध्रौं योजनासम्म आइपुग्दा राज्यको दायित्व र लाभग्राही वर्गको अधिकारको रुपमा स्थापित भइ विस्तार हुँदै गएका छन् । बढ्दो लाभाग्राहीको संख्यात्मक भार र रकमको समुचित वितरण सरकारका तीनै तहका लागि प्रमुख जिम्मेवारीको रुपमा देखा परेको छ । सामाजिक सुरक्षा कार्यक्रमको सुधार र विस्तार लक्षित समूहकै लागि आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुर्याउने मनसायले भइ आएकोछ । सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमले व्यवस्थित गरिएको छ । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहने गरेको र त्यस्ता कार्यक्रम सामाजिक बीमाको रुपमा रहेको छ । गैर योगदानमूलक प्रकृतिका सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णतः सरकारी योगदानबाट मात्र सहयोगको रुपमा सञ्चालन हुने गरेको छ ।

## १.३ सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

नेपालमा संविधानले सामाजिक सुरक्षाको विषयलाई मानव अधिकारको रुपमा स्थापित गरेकोछ । बालबालिका, असहाय एकल महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख जातजाति, शहिदको परिवार, द्वन्द प्रभावित परिवार लगायत गरीब र सीमान्तकृत परिवार तथा

समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरुका लागि राज्यबाट नगद हस्तान्तरण लगायत अन्य सेवासुविधा सहितको सामाजिक सुरक्षा पाउने अधिकार रहेको छ ।

## १.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैले गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको प्रत्याभूति गरेको छ ।

## १.३.२ कानूनी व्यवस्था

नेपालको संविधान बमोजिम नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको छ । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू गरिएको छ ।

सामाजिक संरक्षण लगायत सामाजिक सुरक्षाका सम्बन्धमा अन्य प्रमुख कानुनी प्रावधानहरु मूलतः निम्नानुसारका ऐनहरुमा रहेका छन् ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- स्वास्थ्य ऐन, २०७५
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- वैदेशिक रोजगार ऐन, २०६४
- श्रम ऐन, २०७४
- संघीय निजामती सेवा ऐन, २०७५ र निजामति सेवा (चौधौँ संशोधन), २०७३

- ट्रेड युनियन ऐन, २०४९
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मुलुकी अपराध संहिता, २०७४

## १.३.३ राष्ट्रिय नीति तथा उद्देश्य

उच्च, फराकिलो र दिगो र समावेशी आर्थिक बृद्धि गर्दै गरिबी तथा असमानता घटाउने एवम् सबै प्रकारका जोखिम र सङ्कटको अवस्थासँग जुध्न समुदायलाई सक्षम बनाउने सरकारको घोषित राष्ट्रिय नीति रहेको छ। सञ्चालित कार्यक्रमहरुलाई श्रम र रोजगारीसँग आबद्ध गर्दै लैजाने, स्थानीय तहसँगको समन्वयमा विभिन्न मन्त्रालयबाट संचालन गरिने गरिबी निवारण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम एकीकृत गरी राज्य सुविधा प्राप्त गर्ने परिवारमा लक्षित गर्ने नीति लिइएको छ । सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता दिने राज्यको नीतिका रुपमा अङ्गीकार समेत गरिएको छ ।

पन्ध्रौं योजनाले (आ.व.२०७६/७७- २०८०/८१) सामाजिक सुरक्षा र संरक्षणलाई दीगो, सर्बव्यापी र पहुँचयोग्य बनाई नागरिक संवैधानिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने लक्ष समेत लिएको छ। सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, आर्थिक सामाजिक वंचितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्ने र सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यनीकरण गर्ने प्रमुख उद्देश्यका रुपमा रहेका छन ।

## १.३.४ दीगो विकास लक्ष्य

नेपाल सरकारले सामाजिक संरक्षणका माध्यमबाट दीगो विकासमा सघाउन राष्ट्रिय प्रतिबद्धता जाहेर गरेको कारण यो विषयले राष्ट्रियस्तरमा उच्च प्राथमिकता पाएको छ। दीगो विकास लक्ष्यको बुँदा १.३ ले सन २०३० सम्ममा सबैका लागि र खास गरी विपन्न र जोखिममा रहेका समूहहरुलाइ समेट्ने गरी राष्ट्रिय परिवेस सुहाउँदो उपयुक्त सामाजिक संरक्षण प्रणालीको स्थापनामा र त्यसका लागि नवप्रवर्तन लचिला र प्रभावकारी प्रणालीको विकास गरी विपदहरुको निरोध, न्यूनिकरण, प्रतिकार्य र क्षमता अभिबृद्धिमा जोड दिएको छ ।

विपद जोखिम न्यूनिकरण सम्बन्धी सेन्डाइ फ्रेमवर्क (सन २०१५-३०) ले पनि जोखिम न्यूनिकरणको एक उपायका रुपमा सेफ्टी नेट र सामाजिक सुरक्षा प्रणालीको प्रबर्द्धन र बिस्तारमा जोड दिएको छ ।

## १.३.५ नेपाल अनुमोदित सामाजिक सुरक्षा सम्बद्ध अन्तर्राष्ट्रिय महासन्धिहरु तथा प्रतिवद्धताहरु

- बाल अधिकार सम्बन्धी महासन्धि
- महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि
- नागरिक तथा रानीतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि
- अर्न्तराष्ट्रिय श्रम सङ्गठन सम्बद्ध महासन्धि तथा अभिसन्धि
- दिगो विकास लक्ष्य (Sustainable Development Goals)

## १.४ सामाजिक सुरक्षामा सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको भूमिकाको समीक्षा

सामाजिक सुरक्षाले वृहद् सामाजिक परिवेषलाई समेटेको हुन्छ । यो क्षेत्र राज्यसरकारको प्रमुख दायित्वको क्षेत्रका रुपमा रहिआएको छ । तथापी सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन क्षमता विकासमा समाज कल्याण सँग सम्बन्धित बालबालिका, बालश्रम, वैदेशिक रोजगार, दलित समुदाय उत्थान, अपाङ्गता लगायतका क्षेत्रमा कार्यरत संस्थाहरुबाट समेत सहयोग भइआएको छ । समाजका विभिन्न वर्गको अवस्था र क्षमतालाई प्रदशर्न गर्ने, सामाजिक सुरक्षाको आवश्यकता र विश्वव्यापी महत्वका बारेमा बरोबर वकालत गर्ने र जवाफदहिताका लागि निगरानी र खवरदारी गरिरहनका लागि नेपालका गैरसरकारी संस्थाहरु प्रयासरत रहेका देखिन्छन ।

नेपालमा सामाजिक सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई सञ्चालन र व्यवस्थापन गर्न सरकारको आफ्नै संयन्त्र छ । कार्यक्रमको पहुँच र दर्ता प्रणालीलाई अझ प्रभावकारी बनाउन तथा कार्यान्वयनको वाह्य अनुगमनका लागि संस्थागत व्यवस्थाहरु प्रभावकारी छैनन । सञ्जालले विगत एक दशक देखि सामाजिक संरक्षण सम्बन्धी  सवालहरुमा लाभग्राहीहरुको आवाजलाई सम्बन्धित निकायमा उठाउने, उनीहरुका सम्बोधन गरिनुपर्ने विषयहरु राज्यका निकाय समक्ष प्रस्तुत गर्ने र सामाजिक संरक्षणमा निकायहरुको जवाफदेहीता बहन गर्न लगाउन कार्य गरिआएको छ । सामाजिक सुरक्षा कार्यक्रमहरु उपर लक्षित व्यक्ति, परिवार तथा समुदायको सहज पहुँच बढाउन, र पारदर्शिता तथा जवाफदेहीताका लागि खवरदारी गर्न तथा प्रचार प्रसार मार्फत जनचेतना अभिवृद्धि गर्न स्थापित यस सञ्जालमा सामाजिक सुरक्षाको सवालसँग सम्बन्धित क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा जिल्लास्तरीय गैर सरकारी संस्थाहरु आवद्ध छन् । लक्षित समुदायको अधिकारको संरक्षण गर्न सञ्जालले स्थापनाकालमा सामाजिक सुरक्षा सवालसँग सम्बन्धित नयाँ कार्यक्रमहरुको परीक्षण गर्ने, अनुसन्धान

तथा अध्ययन गरी तथ्य संकलन गर्ने, सरकार, दातृ संस्थाहरु र सरोकारवालाहरु संग प्राप्त सुचनाहरु आदान प्रदान गर्ने, तथ्यमा आधारित रही नीति तथा कार्यक्रम निर्माणका लागि सरकारलाई सुझाव प्रदान गर्ने, वकालत तथा पैरवी गर्ने कार्यहरु गरिआएको छ ।

सामाजिक सुरक्षाका सरोकारका विषयका सन्दर्भमा खबरदारी भूमिका निर्बाह गर्दै सञ्जाललाई राष्ट्रिय स्तरको एक संगठित, निष्पक्ष, आत्मनिर्भर र दीगो सञ्जालका रुपमा विकास गर्न सञ्जालले अध्ययन, अनुसन्धान र प्रकाशन गतिविधि बढाइ राष्ट्रिय स्तरका बहस संबादको थालनीका साथै सामाजिक सुरक्षा योजना तर्जुमा र कार्यान्वयनमा यस क्षेत्रमा कार्यरत संघसंस्था र तिनै तहका सरकारबीच अनुभव, अभ्यास ज्ञान तथा प्रबिधि आदान प्रदान गरिआएको छ। सञ्जालको प्रगतिका रुपम संख्यात्मक कुराहरु २ लाइन राख्ने ।संस्थालाई थप व्यवस्थित र संचालन दिगो बनाउन सञ्जालको संस्थागत विकासको योजना बनाई समेत बनाइ कार्यान्वयनको थालनी गरिएको छ ।

## १.५ पाँच वर्षीय रणनीतिक योजना तर्जुमा प्रकृया

रणनीतिक योजना तर्जुमाका क्रममा देहायका सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको थियो ।

### दस्तावेजहरूको अध्ययन

योजना तर्जुमा निर्माण सम्बन्धी आवश्यक प्रमुख दस्तावेजहरु जस्तैः राष्ट्रिय पन्ध्रौं योजना, प्रादेशिक योजना, विभिन्न मन्त्रालय तथा बिभागहरुले प्रकाशन गरेका प्रतिवेदनहरु, स्थानीय ऐन नियम तथा संयुक्तराष्ट्रसंघीइय काररर्यक्रमकादस्तावेज अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### अवसर, चुनौती, समस्या तथा पहिचान तथा विश्लेषण कार्यशाला गोष्ठी

सरोकारवालाहरूको सहभागितामा मिति २०७८ साउनमा सञ्चालित योजना तर्जुमा कार्यशालामा सञ्जालका सदस्यहरु, सञ्जाल सम्बद्ध साझेदार संस्थाहरुका प्रतिनिधि, विषयगत क्षेत्रका सरोकारवालाहरु सहभागी भएका थिए। योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थितिबारेको विश्लेषणका लागि क्ध्इत विश्लेषण गरी विद्यमान समस्या, अवसर चुनौती तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा समग्र दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य निर्धारण गरिएको थियो । कार्यशालामा सामाजिक सुरक्षा सम्बद्ध लक्ष्य तथा परिमाण सूचक निर्धारण गरि ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु, प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

## मस्यौदा परिमार्जन

योजनाको पहिलो मस्यौदा तयार भईसकेपछि विस्तृत रूपमा समीक्षा गरिएको थियो र सहभागीहरुबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदालाई परिमार्जन गरिएको थियो ।

## अन्तिम प्रतिवेदन स्वीकृति

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, मस्यौदा परिमार्जनका लागि प्राप्त सुझाव तथा विषय विज्ञहरू संगको परामर्श र छलफलका क्रममा प्राप्त सुझावको आधारमा मसौदालाई अन्तिम रुप दिइएको हो ।

## १.६ परिसीमन

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित सङ्घीय र प्रादेशिक नीति तथा कानून, पन्ध्रौ योजना र सञ्जालको नीतिगत तथा कार्यक्रम सञ्चालन दस्तावेजहरुलाई आधारका रुपमा लिइएको छ। राष्ट्रिय प्राथमिकताका लैंगिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन, विपद् व्यवस्थापन सम्बन्धी नीतिहरुलाई कार्यक्रममा प्राथमिकताका साथ समेटिएको छ ।

यो रणनीतिक योजना मूलतः सञ्जालको विगत तीन वर्षको रणनीतिक कार्यक्रमको कार्यानवयन, सञ्जालको पैरबी योजना, रणनितिक योजना तर्जुमा गोष्ठी, २०७८ र सञ्जालस्तरमा भएका योजना तर्जुमा सम्बन्धी छलफलहरुवाट प्राप्त सूचना तथा सुझावहरुको आधारमा तयार गरिएको हो ।

यो ५ वर्षे योजना भएको हुँदा यसमा संस्थाको कार्यक्रम तथा योजना निर्देशित गर्न आर्थिक रणनीति तथा कार्यनीति, नतिजा तथा सूचक र प्रमुख कार्यक्रमहरुलाई जोड दिइएको छ । योजना अवधिमा हासिल हुने उपलब्धी सूचकहरू नतिजा तहका छन् ।

योजना अवधिमा हासिल गर्ने भनी किटान गरिएका परिमाणात्मक लक्षहरु विगतका कार्यान्वयन समीक्षा र उपलब्धीको सालाखाला सिमा भित्र थप सहयोगहरु प्राप्त हुनसक्ने अनुमानका आधारमा गरिएका हुन । ती महत्वाकांक्षी र उच्च रहेको हुँदा प्रक्षेपण सटिक नहुनसक्छ ।

रणनीतिक योजनाका समग्र लक्ष्य र नतिजाहरुलाई योगदान पुग्ने किसिमले सञ्जालले यस योजना दस्तावेजलाई वार्षिक योजना तर्जुमाको प्रमुख आधार मानि आफ्नो वार्षिक योजना तथा बजेट तर्जुमा गर्नुपर्नेछ ।

# परिच्छेद - २
# रणनीतिक योजना

## २.१ पृष्ठभूमी

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल लक्षित समूहका लागि सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरु व्यवस्थित, समन्वित, न्यायपूर्ण, पारदर्शी र जवाफदेही बनाउन योगदान गर्ने लक्ष्यका साथ स्थापना भएको हो । सामाजिक सुरक्षा सम्बन्धी अति प्राथमिकताका क्षेत्रमा नेपालको बर्तमान बस्तुस्थिति र अवस्थाले सञ्जालका गतिविधिहरुलाई निर्देशत गर्ने भएकाले सञ्जालले हासिल गर्न खोजेका लक्षहरुलाई रणनीतिक ढंगले व्यवस्थापन गर्न तर्जुमा गरिएको प्रस्तुत रणनीतिक योजनामा सञ्जालको आफ्नै बस्तुस्थिति विश्लेषण एक महत्वपूर्ण पक्ष भएकोले प्रमुख सम्भावना, समस्या तथा चुनौति र अवसरहरु विश्लेषण गरिएको हो ।

## २.२ सवल पक्ष

- सञ्जालसँग आबद्ध विषयगत क्षेत्रमा दखल भएका र सामाजिक क्षेत्रमा लामो समयदेखि कार्यरत संस्थाहरु समाजको सामाजिक आर्थिक समुन्नती तथा मानव जीवनका विविध पक्षसँग जोडिएका विषयहरुका कार्यरत छन । सञ्जाल विगत ४ बर्षदेखि सरकारी, अन्तर्राष्ट्रिय संस्था, गैरसरकारी संस्था र नागरिक समाजको बीचमा सामाजिक सुरक्षा व्यवस्थाको बारेमा बहस र पैरवी गर्ने संस्थाको रुपमा स्थापित छ ।
- जोखिम अवस्थामा रहेको व्यक्ति, समुह तथा समुदायको मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमको सेवा प्रवाह अझ प्रभावकारी बनाउने सम्भावना र आवश्यकता सम्बन्धी सबालहरुलाई सञ्जालले उल्लेख्यरुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा उठान गर्न सफल भएको छ ।
- सामाजिक सुरक्षा सम्बन्धित सेवा प्रवाहको प्रभावकारीता बढाउन सहयोगी भूमिकामा रहेको सञ्जालमा सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी र लाभान्वित समुहको पहिचान गरी लाभमा उनीहरुको पहुँच बढाउन सहयोग गर्ने, आवश्यक चेतना जागरण, प्रचार प्रसार कार्यक्रम सहितको अभियानहरु संचालन गर्ने, नागरिक समाजको क्षमता अभिबृद्धि गर्ने तथा सामाजिक सुरक्षाका सवालमा राष्ट्रिय, क्षेत्रीय एवम् जिल्लास्तरमा सेमिनार, छलफल तथा बहस, तालिम र गोष्ठी संचालन लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न आवश्यक दक्षता रहेको छ ।
- सञ्जालमा सामाजिक सुरक्षाका लक्षित वर्ग र समुदायको हक हित र सम्बर्द्धनका लागि विषयगत क्षेत्रहरुमा कार्यरत संस्थाहरु सदस्य रहेकाले आफ्नो कार्यसम्पादनको

प्रभावकारीताका लागि सरकारी क्षेत्रका सामाजिक सुरक्षा सम्बद्ध निकाय तथा संस्था र अन्य सामाजिक क्षेत्र सँगको समन्वय स्थापित छ ।

- सञ्जाल विधिवतरुपमा नेपाल सरकारमा दर्ता भइ एक गैरनाफामूलक संस्थाको रुपमा अघी बढेको छ।

## २.२.१ सञ्जाल सदस्य संस्थाहरुको कार्यक्षेत्र तथा संस्थागत क्षमता सम्बन्धी विवरण

| संस्थाको नाम | कार्यक्षेत्र तथा संस्थागत क्षमता | उद्देश्यमूलक कृयाकलाप |
|---|---|---|
| COCAP - Collective Campaign for Peace A National Network | स्थानीय तह प्रदेश तथा राष्ट्रियस्तर | सन २००२ मा स्थापित शान्ति र मानव अधिकारका क्षेत्रमा काम गर्दै आएका ४३ वटा संस्थाहरुको नेटवर्क । मानव अधिकार सामाजिक सुरक्षा लगायतका विषयहरुमा सहकार्य गर्नुका साथै नेटवर्कले राष्ट्रिय क्षेत्रीय र स्थानीय तहमा वकालत र पैरवीको काम गरिआएको छ । |
| CWISH - Children– Women in Social Service and Human Rights) | राष्ट्रियस्तरमा र १७ जिल्लामा कार्यक्रमिक रुपमा कार्यरत । | सन १९९३ मा स्थापित बाल पोषण, शिक्षा लगायतका समाजिक सुरक्षाका कार्यक्रमको दर्ता प्रणाली सुदृढीकरणमा सहकार्य । |
| आत्मनिर्भर केन्द्र Community Self-Reliance Centre (CSRC) | सात वटै प्रदेश तथा तराई पहाड र हिमालका दुई तिहाई भन्दा धरै जिल्लासँग कार्यक्रमले जोडिएको । | सिन्धुपाल्चोक जिल्लामा वि.सं. २०४९ सालमा स्थापित आत्मनिर्भर केन्द्र समग्र जोताहा किसानको भूमि अधिकार, सचेतनाका कार्यक्रम र कृषि व्यवस्थाको पक्षमा कार्यगत अनुसन्धान मार्फत भूमिसम्बन्धी सरोकार पक्षका लागि राष्ट्रिय स्रोत संस्थाका रूपमा कार्यरत। |
| Jagriti Child and Youth Concern Nepal (JCYCN) | युवाहरु द्बारा स्थापित ५ जिल्लामा कार्यरत । | बालबालिकाको संरक्षण र अधिकारका लागि सन २००४ देखि कार्यरत । मानव अधिकारको प्रबर्द्धनका लागि अनुगमन र सामाजिक सुरक्षाका लागि विभिन्न कार्यहरु गर्दै आएको । |
| नेपाल अपांग महिला संघ (Nepal Disability Women Association -NDWA) | ३३ जिल्लामा कार्यरत । सदस्य संख्या १०७ र कार्यरत कर्मचारी २५ । | अपाङ्गता भएका महिला तथा बालबालिकाहरुको खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य र सीप विकास क्षेत्रमा कार्यरत । सामाजिक सुरक्षा र यस सम्बन्धी नीति कानूनको कार्यान्वयनका लागि निरन्तर पैरबी । |
| महिला आत्मनिर्भरता केन्द्र Mahila Atma Nirbharta Kendra (MANK) | सिन्धुपाल्चोक | विगत २७ वर्षदेखि महिला तथा बालबबालिका लक्षित कार्यक्रम सम्बन्धी नीति निर्माणमा पहल गरिआएको सिन्धुपाल्चोक स्थित संस्था । महिला बेचविखन नियन्त्रण तथा बाल श्रम निवारण सम्बन्धमा निरन्तर काम गरिआएको |
| LoNVA Child concern | वागमती प्रदेश (काठमाडौं र ललितपुर) र सूदुरपश्चिम प्रदेश डडेलधुरा कार्यक्षेत्र । ५ जना कर्मचारी | सिमान्तकृत वर्गको शोषण विरुद्ध तथा उत्पीडितका लागि सामाजिक सुरक्षा लगायत शैक्षिक सामाग्री सम्बन्धी कार्यक्रम सहयोग । |

| | | |
|---|---|---|
| Jagaran Media Center (JMC) | कटवाल रेडीयो पत्रिका | सुशासन, पारदर्शीता, जलवायु परिवर्तन तथा विपद जोखिम न्यूनीकरण सम्बन्धी जल्दाबल्दा मुद्दाहरुको सञ्चारमाध्यमबाट वकालत । |
| राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ National Senior Citizen Association Nepal (NASCIF) | राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ २०६८ पौष १२ मा स्थापना भइ हाल ४० भन्दा बढी जिल्लामा जेष्ठ नागरिक जिल्ला संघहरु गठनगरी आफ्नो कार्यक्षेत्र ब्यापकगर्दै लगेको । | ज्येष्ठ नागरिकको आर्थिक, भौतिक, सामाजिक र मनोवैज्ञानिक चुनौतीहरूको सामना गरि उनीहरूको सर्वोत्तम हितको संरक्षण ।ज्येष्ठ नागरिकको मर्यादित र सम्मानजनक जीवन यापन गर्नपाउने अधिकारको सुनिश्चितताको लागि कार्यरत । |
| नारी सेवा केन्द्र (Nari Sewa Kendra - NSK) | कास्कीमा स्थापित तथा २०५४ मा पुनसंरचित | महिला सीप विकासका माध्यमबाट विकास र दलित तथा पिडीत महिलाको उत्थानका लागि कार्यरत। |
| National Federation of Women Living with HIV and AIDS (NFWLHA) | न्यायपूर्ण समाजको स्थापनाको उद्येश्यले सन २००६मा स्थापित | एचआइभी संक्रमण रोकथाम तथा जागरण अभिवृद्धि सम्बन्धी कार्यम्रम सञ्चालन । |
| Nepal National Dalit Social Welfare Organization (NNDSWO) | सन १९९२ मा दलित समुदाय द्वारा स्थापित । | जातीय विभेद उन्मूलन र समानता तथा न्यायका लागि वकालत तथा विभिन्न कार्यक्रमहरु संचालन । |
| शक्ति समूह | १४ जिल्लामा १३४ सदस्य ५५ कर्मचारी कार्यरत । | मानव बेचबिखन प्रभावितहरुका लागि संगठित हुन र सशक्तिकरणका लागि कार्यरत । |
| Women for Human Rights, single women group (WHR) | | महिला अधिकारका लागि र एकल महिलाका राजनैतिक, साँस्कृति, आर्थिक, सामाजिक अधिकारका लागि निरन्तर पैरबी । |
| टुकी | सिन्धुपाल्चोकको सबै ३ नगरपालिका र ९ गाउँपालिका । २५० सदस्य तथा ४० जना कर्मचारी । | विगत २६ वर्षदेखि बालबालिकाको अधिकार संरक्षण तथा स्वास्थ्य र पोषण तथा जोखिम न्यूनीकरण क्षेत्रमा कार्यरत । |
| सङ्कल्प | सन २०११ मा स्थापित | महिलाको एकबद्धतापूर्ण सञ्जाल । शान्ति, न्याय, लोकतन्त्र र महिला आधिकारको क्षेत्रमा आवाज उठाउँदै आएको । |
| सञ्जाललाई परामर्श तथा सहजिकरणमा सहयोग गरि आएका प्रमुख संस्था | | |
| Plan International | Save the Children | Help Age International |

## २.३ कमजोर पक्ष

- संस्थाले लामो समयसम्म खुकुलो सञ्जालको रुपमा कार्य गरिआएको र हालै मात्र विधिवत दर्ता भएकोले कानुनी प्रावधानका पक्षहरु अबलम्बन गर्दै जानुपर्ने हुन्छ । सञ्जालका रुपमा कार्यरत हुँदा सूचना सम्बन्धी स्वतन्त्रता उपभोग गरिआएको तर अब उप्रान्त संस्थाको नीति तथा कार्यक्रमहरु विधानसम्मत गर्दै लैजानुपर्ने  हुँदा पैरवी सम्बद्ध सुचनामा पहुँच हुन कठिनाइ देखिन्छ ।
- सञ्जाल १६ वटा संस्थाको प्रतिनिधित्व आवाज भएको भए पनि पैरवी सम्बन्धी आवश्यक कार्य गर्नको लागि सबै सदस्यहरु सक्रिय भएको अबस्था छैन । सञ्जालमा पैरवी र सहजीकरण जस्ता कार्य गर्नको लागि सदस्यहरुसंग विज्ञताको कमी छ ।
- लक्षित कार्यक्रम संचालन गर्न सञ्जाल सदस्य संस्थाहरुको आर्थिक स्रोतमा निर्भर रहनुपर्ने अवस्था छ ।
- सामाजिक सुरक्षा नेपालको हकमा नौलो विषय समेत भएको र यस सँग सम्बन्धित कार्य केही द्बिपक्षीय र बहुपक्षीय संस्थाहरुबाट मात्र भइआएकोले सञ्जालले ती संस्थाहरु सँग समन्वय र सहकार्य गर्नका लागि आफ्नो क्षमता बढाउनुपर्ने छ ।
- संस्थाको सङ्गठनात्मक विकास (Organization Development Plan) र कार्यसञ्चालन प्रकृया सम्बद्ध (Working Procedure) नीति तथा योजना बनिसकेको छैन ।

## २.४ अवसर

- नेपालमा सामाजिक सुरक्षाको सवालमा कार्य गर्नको लागि कानुन, नीति, निर्देशिका र संस्थागत व्यवस्था विद्यमान छ । सञ्जालका सदस्य संस्थाहरुको उद्येश्यले सामाजिक सुरक्षा सम्बन्धी नीतिहरुलाई प्राथमिकतामा राखेको देखिन्छ ।
- नेपालमा सामाजिक सुरक्षाको विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा रहेका र ती कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि पूर्वशर्तका रुपमा रहेको एकल दर्ता प्रणाली (कष्लनभि चभनष्कतचथ) र कार्यक्रमका लाभहरु उपरको पहुँच सुदृढीकरण तथा जनस्तरमा पैरवी सम्बन्धी कार्य्रमहरुको नितान्त आवश्यकता रहेको छ ।सञ्जालका लागि यी क्षेत्र दीर्घकालिनरुपमा संलग्नता हुने क्षेत्र हुन ।
- सामाजिक सुरक्षाको सवालमा सरकारी, विकासका साझेदार, नागरिक समाज र जनसाधारण सबैको चासो बढ्दो छ ।जोखिम न्यूनीकरणका लागि सामाजिक सुरक्षा कार्यक्रम क्षेत्रमा कार्यरत संस्थाको संख्या थोरै छ । सञ्जालको यस क्षेत्रमा पैरवी प्रभावकारी हुनसक्छ ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरु तथा राष्ट्रिय, अन्तरराष्ट्रिय संघसंस्थाहरु सँग सञ्जालको कार्यगत समन्वय स्थापित छ ।

## २.५ चुनौती

- सामाजिक सुरक्षाको कार्यक्रमको सेवा प्रवाहमा सेवा प्रदायकहरुको संवेदनशीलता र उत्तरदायित्वलाई सेवाग्राहीको अधिकारको रुपमा विकास गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- नेपालमा एकीकृत सामाजिक सुरक्षा संरचना नभएको कारणले संघ, प्रदेश र स्थानीय सरकारहरु र कार्यान्वयन निकायहरु बीच बुझाईमा एकरुपता नहुनाले अन्यौल छ । सञ्जालको रणनीतिक योजनामा लक्षित कार्यक्रमहरु तहगतरुपमा जनस्तरमा लैजान कठीन छ ।
- सामाजिक, आर्थिक एवम् भौगोलिक विविधतायुक्त नेपाली समाजमा सामाजिक सुरक्षा कार्यक्रमका लाभान्वित वर्ग एवम् समूहको नियमित र अद्यावधिक पहिचान गर्ने परम्पराको थालनी भई नसकेको अवस्थामा त्यस्ता लाभान्वित वर्ग एवम् समूहहरुको कार्यक्रममा पूर्ण पहुँच हुन सकिरहेको देखिदैन ।
- कार्यक्रम उपर भिन्नभिन्न भौगोलिक क्षेत्रका बासिन्दाहरुको समान पहुँच र आबद्धता बढाइ अधिकार केन्द्रित र तत्कालको आवश्यकतालाई सम्बोधन गर्ने खालका कार्यक्रमहरूको एकीकरण र प्राथमिकिकरण गरी लाभको आकारमा गर्दै कार्यक्रमहरुलाई वित्तीय रूपमा दिगो बनाउने खालका उपायहरुको खोजीगर्ने कार्य छोटो समयमा सम्पन्न हुँदैनन ।
- सामाजिक सुरक्षा सम्बन्धी संबैधानिक अधिकारको प्रयोगमा प्रदेश र स्थानीय तहको सरकारको कार्यक्षेत्र र भूमिका तथा वित्तीय स्रोतको उपयोग बारे कानूनीपक्ष स्पष्ट भइनसकेको अवस्थामा सञ्जालका गतिविधिहरु सरलरुपमा अघी बढ्न सक्दैनन ।
- अनौपचारिक क्षेत्र तथा बैदेशिक रोजगारमा संलग्न जनशक्तिलाई लक्षित समूहको रुपमा पहिचान गरी लाभग्राह्य बनाउन अझै सशक्त पहलको आवश्यकता देखिएको छ ।
- सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत स्थानीय, प्रादेशिक, राष्ट्रिय, क्षेत्रीय र वैश्विक स्तरका धेरै सञ्जालको ऐक्यबद्धता, आवद्धता, सहकार्य, सहयोग, समन्वय र अनुकुलन जस्ता कार्यहरु कठीन छन ।
- एकै प्रकारको र एकै दरको नगद सहयोग प्राप्त भएरहेको परिप्रेक्ष्यमा सामाजिक सुरक्षाका कार्यक्रमहरु विपद् संवेदनशील (shock responsive/ adaptive) बनाउने विषय समुदायस्तरमा बुझाउन प्रशस्त क्षमता विकास सम्बन्धी कार्यहरु गर्नुपर्ने देखिन्छ ।

## २.६ सञ्जालले प्रभाव (influence) पार्नसक्ने मूख्यमूख्य समस्याक्षेत्र (gaps)

माथी गरिएका बस्तुस्थिति विश्लेषण र देखा परेका चुनौतीका आधारमा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा मूलरुपमा चारवटा क्षेत्रमा समस्याहरु देखिएका छन । यी क्षेत्रमा आवश्यक सुधार र परिमार्जनका लागि सञ्जालको कार्यक्षेत्र, क्षमता, दक्षता र स्रोतका आधारमा नै सञ्जालका पैरवीका कार्यक्रमहरु निर्देशित गरिनुपर्ने भएकोले तलका परिच्छेदहरुमा तर्जुमा गरिएका कार्यक्रमहरु र तिन्को सञ्चार योजनामा यी समस्या क्षेत्रलाई ध्यानमा राखिएको छ ।

- सामाजिक सुरक्षा भत्ताको लाभहरु उपर लक्षित वर्गको पहुँच बढाउन आवश्यक एकल दर्ता प्रणाली नहुनु ।
- प्रदेश तथा स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार सहित जिम्मेवार बनाउन प्रदेश र स्थानीय तहका सरकारका भूमिका र जिम्मेवारी स्पष्ट नहुनु ।
- कार्यक्रमहरुको एकीकरण, प्रकृयागत सरलीकरण, स्थानीयतहको स्रोत साझेदारी बढाउन र अनुगमनका लागि प्रदेश र स्थानीय तहका सरकारका भूमिका कायम गर्न एकीकृत नीतिगत व्यवस्थाका लागि सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय संरचना न नहुनु ।
- विपद् जोखिम न्यूनीकरण सहयोगी नीति नहुनु ।

## २.७ दूरदृष्टि (vision), अभियान (mission), लक्ष्य, उद्देश्य र रणनीति

दूरदृष्टि (vision)

“ जीवनचक्रमा आधारीत विश्वव्यापीरुप, लक्षित, सर्वसुलभ  र जवाफदेहितामा आधारीत दिगो सामाजिक सुरक्षामा नेपालीको सरल पहुँच । ”

अभियान (mission)

“ दिगो सामाजिक सुरक्षाको पहुँच प्रबर्द्धन - सञ्जालको अभियान । ”
विश्वव्यापीरुपको दिगो र सर्वशुलभ तथा जवाफदेहितामा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरुको पूर्ण पहुँचको प्रत्याभूति गरिनेछ ।

**लक्ष्य**

नेपालमा सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरुमा लाभग्राही समुदायको पहुँच स्थापित गर्न एक नेतृत्वदायी सञ्जालको  (Lead Network) रुपमा प्रभावकारी भूमिका बहन गर्ने ।

**उद्देश्य**

१. सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुमा लक्षित तथा लाभग्राहीवर्गको पहुँच सुनिश्चित गराइ सामाजिक सुरक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न सघाउ पुर्याउने ।

२. सामाजिक सुरक्षा कार्यक्रमहरुमा तीन तहका सरकार लगायत सम्बद्ध संघसंस्थाहरुको समन्वय र सहकार्य बढाउने उपायहरुको खोजी र प्रबर्द्धन गर्ने ।

३. सामाजिक सुरक्षा कार्यक्रमहरु तथ्यमा आधारित भइ तर्जुमा हुन र कार्यक्रम अनुगमनमा सञ्जाल सदस्य हरुको विशेष प्रकारका कार्य मार्फत अर्थपूर्ण सहभागिता बढाउन भूमिका निर्वाह गर्ने ।

४. सामाजिक सुरक्षाका सरोकारका विषयका सन्दर्भमा खबरदारी भूमिका निर्बाह गर्दै सञ्जाललाई राष्ट्रिय स्तरको एक संगठित, निष्पक्ष, आत्मनिर्भर र दीगो सञ्जालका रुपमा विकास गर्ने ।

५. सामाजिक सुरक्षा कार्यक्रमका लक्षित बर्ग र लाभग्राहीको क्षमता बढाउने ।

**<u>रणनीति</u>**

**उद्देश्य नं. १ सम्बन्धित**

- दर्ता प्रणाली व्यवस्थित रुपमा स्थापना नभएको पालिकाहरुमा प्रणली विस्तारका लागि पैरबी गर्ने ।
- दर्ता अभिलेख अद्यावधिक गर्न, गराउन र अभिलेख डिजीट्लाईजेसनका साथ वडास्तरसम्म व्यवस्थित गर्न पैरवी गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमले समेट्न आवश्यक रहेको क्षेत्र, वर्ग र समुदाय (पिता पहिचान नभए बालबालिका, मानव वेचविखन पीडित एवम् प्रभावित आदि) को पहिचान गरी सम्बोधनका लागि पहल गर्ने ।
- श्रम रोजगार प्रबर्द्बनका लागि ट्रेड युनियन सँगको सहकार्य बढाउने ।

**उद्देश्य नं. २ सम्बन्धित**

- सामाजिक सुरक्षा सम्बन्धी नीति निर्माण र पुनरावलोकन कार्यमा विषयगत आबद्ध संस्थाहरु सँग सहकार्य प्रबर्द्धन गर्ने ।
- तीन तहका सरकारले सामाजिक सुरक्षा सम्बन्धी ल्याएका नीति कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन, पारदर्शीता, र जवाफदेहिताका लागि सचेतना अभियान संचालन गर्ने ।
- संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरु र कर्मचारी एवम् सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य नं. ३ सम्बन्धित**

- प्रदेश सरकार र स्थानीय तहको सामाजिक सुरक्षा कार्यक्रम योजना तर्जुमाका विषयगत समितिहरुमा सञ्जालका स्थानीय सदस्यहरुको सहभागिता अभिवृद्धि गर्ने ।
- लक्षित वर्गको स्वामित्व सुनिश्चितताका लागि अनुमन प्रकृयामा समुदायलाई कृयाशिल बनाउने ।
- विशेष सहयोग आवश्यक भएका तथा असहाय लाभग्राहीको दर्ता नवीकरण सरलीकरण र बैंकिंग शिक्षा विस्तारका लागि भूमिका बढाउने ।
- कार्यक्रममा देखिने विकृति, अनियमितता, कमजोरी तथा समस्याहरुका सम्बन्धमा तथ्यांक, अनुगमनका आधारमा सम्बन्धित निकायमा खवरदारी गर्ने ।

**उद्देश्य नं. ४ सम्बन्धित**

- सञ्जालले अध्ययन, अनुसन्धान र प्रकाशन तथा राष्ट्रिय स्तरका बहस, संबाद गतिविधि बढाउने ।
- सामाजिक सुरक्षा योजना तर्जुमा र कार्यान्वयनमा यस क्षेत्रमा कार्यरत संघसंस्था र तिन तहका सरकारबीच अनुभव , ज्ञान तथा प्रबिधि आदान प्रदान गर्ने ।
- सञ्जालका संस्थागत विकासको योजना (रणनीतकि योजना, तालिम योजना, website update आदि) बनाई कार्यान्वयन गर्ने ।

**उद्देश्य नं. ५ सम्बन्धित**

- सञ्जाल र सदस्य संस्थाका लक्षित बर्ग एवम् लाभग्राहीहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुन सुशुचित गर्ने ।
- राष्ट्रिय एकीकृत सामाजिक सुरक्षा संरचनाको विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति दायरा भित्र रही स्थानीय सामाजिक सुरक्षा कार्यक्रमहरु तर्जुमाका लागि प्राबिधिक क्षमता अभिबृद्धि गर्ने ।
- सामाजिक सुरक्षाको विषयलाई पाठ्यक्रममा समावेश गर्न अनौपचारिक क्षेत्र, बालवालिका सम्बद्ध तथा सामुदायिक संघसंस्था मार्फत सचेतना अभिबृद्धि गर्ने ।

## २.८ प्रमुख कार्यनीतिहरु

- राष्ट्रिय एकिकृत सामाजिक सुरक्षा संरचनाको आवश्यकताका बारे र संरचना स्वीकृतिका लागि सरकारी निकायहरुमा निरन्तर वकालत तथा पैरवी गरिनेछ ।

- सामाजिक सुरक्षाका सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरु बीच समन्वय बढाउन सञ्जालका सदस्यहरुलाई क्षेत्रगत प्रतिनिधित्व (area represenation) गराइनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित रणनीतिक योजनाहरु तथा नवीन कार्यक्रमहरु (जस्तैः सामाजिक सुरक्षा बीमा, स्वास्थ्य बीमा, दूर्घटना बीमा, कार्यस्थलमा हुने क्षति बीमा लगायतका थप कार्यक्रमहरु) स्थानीय तहमा तर्जुमा गर्न उत्प्रेरकको भूमिका (motivator) निर्वाह गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय सरकारहरुको सामाजिक सुरक्षाका क्षेत्रमा अवैज्ञानिक बजेट विनियोजन गर्ने परम्परामा सुधार ल्याउन बजेट तथा कार्यक्रम तर्जुमा चक्रमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न कार्यविधि (LISA) का सुचकहरु बारेमा समेत सरोकारवालाहरुको क्षमताको विकास गरिनेछ ।
- सामाजिक सुरक्षाको सवालमा तीन तहका सरकारका विषयगत समितिहरुमा तथा गैरसरकारी संस्थाहरुका यव्जना तर्जुमा प्रकृयामा सञ्जालका कार्यसूचिहरुलाई प्रवेश गराउन, यथोचित सुनुवाई /सम्बोधन गराउन वकालत तथा पैरवी (Public discourse) गरिनेछ ।
- सामाजिक सुरक्षाको अधिकारलाई प्रत्याभूत गर्न आवश्यकतानुसार जनहित याचिका (Public Interest Litegation) को प्रबन्ध मिलाइनेछ ।
- सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरुको सूचना, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्न सूचनाको हकको प्रयोग यथोचित रुपमा गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय सरकारहरु बीच सामाजिक संरक्षण र सामाजिक सुरक्षा सम्बन्धीा सैद्धान्तिक बुझाईमा एकरुपता ल्याउन अनुभव आदान-प्रदान लगायतका (Knowlegdge Transfer and Exposure) विविध उपायहरुको प्रयोग गर्ने ।

## २.९ नतिजा तथा कार्यक्रम

सञ्जाल आफैमा एक पैरवी गर्ने संस्था हो । यो संस्था विभिन्न सञ्जाल र संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र ती संस्थाहरुको सामूहिक आवाज समेत भएकोले यस्का कार्यक्रमहरुमा सञ्जाल आबद्ध सदस्य संस्थाहरुको कार्यक्रमहरु पनि समाहित भइ समन्वात्मक ढंगबाट संचालन हुनुपर्छ । संस्थाले हालसम्म आफ्ना कार्यक्रमहरु सिमीत स्रोत तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोगबाट संचालन गरि आएकोमा चालुवर्षबाट सञ्जाल सदस्य समेतको लगानी र स्थानीय स्रोत समेत जुटाइ विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति अनुरुप संस्थाको दूरदृष्टी पूरा गर्न लिइएका उद्देश्य र निर्धारित रणनीतिहरु अनपनाइ रणनीतिक योजनाका लागि प्राप्त गरिने प्रतिफल/ नतिजा, संचालन गरिने कार्यक्रम गतिविधि, परिमाण सूचक (एकाई/संख्या आदी) र योजनावधिको अन्त्यको स्थिति तल तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

## नतिजा तथा कार्यक्रम

**उद्देश्य नं. १. सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुमा लक्षित तथा लाभग्राहीवर्गको पहुँच सुनिश्चित गराइ सामाजिक सुरक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न सघाउ पुर्याउने ।**

**रणनीति:**

- दर्ता प्रणाली व्यवस्थित रुपमा स्थापना नभएको पालिकाहरुमा प्रणली विस्तारका लागि पैरबी गर्ने ।
- दर्ता अभिलेख अद्यावधिक गर्न, गराउन र अभिलेख डिजीट्लाईजेसनका साथ वडास्तरसम्म व्यवस्थित गर्न पैरवी गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमले समेट्न आवश्यक रहेको क्षेत्र, वर्ग र समुदाय (पिता पहिचान नभए बालबालिका, मानव वेचविखन पीडित एवम् प्रभावित आदि) को पहिचान गरी सम्बोधनका लागि पहल गर्ने ।
- श्रम रोजगार प्रबर्द्‌बनका लागि ट्रेड युनियन सँगको सहकार्य बढाउने ।

| नतिजा | कार्यक्रम | परिमाण सूचक (एकाई/संख्या आदी) | नतिजा सूचक तथा योजनावधिको अन्त्यको स्थिति |
|---|---|---|---|
| १. सामाजिक सुरक्षा ऐन तथा यस सम्बन्धी नीति परिमार्जन भइ कार्यक्रम उपर लाभग्राहीको पहुँच सरल भएको हुनेछ । | • संसदीय (विधायन समिति) समिति /संवैधानिक आयोगका पदाधिकारीहरु सँग अन्तरक्रिया / सम्वाद<br>• राजनीतिक दलको घोषणा पत्रमा सामाजिक सुरक्षा सम्बन्धित विषय राख्न पैरवी/अभियान | • संसदीय (विधायन समिति) समिति संवैधानिक आयोगका पदाधिकारीहरु सँग अन्तरक्रिया / सम्वाद<br>• राजनीतिकदलको घोषणापत्रमा सामाजिक सुरक्षा सम्बन्धित विषय राख्न पैरवी/अभियान<br>• विधायन समितिसँग अन्तरक्रिया- ५ (वार्षिक १ पटक)<br>• संवैधानिक आयोगका पदाधिकारीहरु सँग सम्वाद - ५ (वार्षिक १ पटक)<br>• राजनीतिक दलका घोषापत्र मस्यौदा समितिसँग सम्वाद- ५ (वार्षिक १ पटक) | सामाजिक सुरक्षा ऐन तथा यस सम्बन्धी नीतिहरु परिमार्जन भएको हुने । |
| २. लक्षित वर्गको दर्ता संख्यामा अनुपातिक वृद्धि | • दर्ता अबस्था बेसलाइन अध्ययन कार्यक्रम । | • २ वटा पालिका | बेसलाइन अध्ययन गरिएको पालिकाहरुमा घटना दर्ता संख्या वृद्धि तथा लक्षित वर्गको सामाजिक सुरक्षा |

| | | | |
|---|---|---|---|
| (बालबालिका, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, एच.आइ.भि.एड्स सङ्क्रमित, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्य व्यक्तिहरु, युवा, दलित, सिमान्तृत, अल्पसङ्ख्यक, मानव वेचविखनमा परेका महिला, र भूमिहीन/सुकुम्बासी समुदाय) भएको हुनेछ । | • समुदाय तहमा लक्षित वर्गको बैठकहरु संचालन गराउने ।<br>• घटना दर्ताको लागि प्रचारप्रसार मुलक कार्यक्रम । ( रेडियो, टिभि, सामाजिक सञ्जाल र पत्रपत्रिका) | • सञ्जालसदस्य कार्यरत क्षेत्रमा - १० (वार्षिक २ पटक)<br>• रेडियो प्रचार प्रसार कार्यक्रम - २० (वार्षिक ४ वटा)<br>• टिभिमा सामग्री प्रसारण - २० (वार्षिक ४ वटा)<br>• पत्रपत्रिकामा सूचना प्रकाशन - २० (वार्षिक ४ वटा)<br>• पोषण पम्पप्लेट प्रकाशन- २० हजार (वार्षिक ५ हजार)<br>• सामाजिक सञ्जालहरु (फेसबुक, टुइटरमा सूचना प्रशारण) | कार्यक्रममा पहुँच वृद्धि भएको देखिने । |
| ३. स्थानीय तहमा रहेको दर्ता प्रणालीको अभिलेख अद्यावधिक/सुधार भएको हुनेछ । | • अभिलेख अद्यावधिक पैरवीका लागि सञ्जाल सदस्यको पालिकास्तरीय समन्वयात्मक बैठक । | • ३५ (सातै प्रदेशका १।१ पालिकामा वार्षिक १ पैरवी/ बैठक) | पालिकाको वडास्तरमा लाभग्राहीको दर्ता सम्बन्धी गुनासोहरु उल्लेख्यरुपमा घट्ने । |
| ४. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय अभिलेख प्रणालीको प्रक्रियागत सुधार/ परिमार्जन हुने । | • स्थानीयरुपमा अभिलेख परिमार्जन सुधारका लागि पैरवी/बैठक ।<br>• गाउँ/नगरपालिका महासंघसँग अन्तरक्रिया, सम्वाद् । | • आवश्यकता भएका पालिकामा ५ वटा )<br>• २ (दोस्रो र तेस्रो वर्ष ) | वडा तहमा दर्ता तथा नवीकरण प्रकृया सरल भइ लक्षितवर्गको दर्ता र नवीकरण संख्या बढ्ने । |
| ५. युवाहरुको लागि स्थानीय रोजगारीमा बृद्धि / न्युनतम् पारिश्रमिक सम्बन्धी सूचना प्रवाह भएको हुनेछ । | • राष्ट्रिय युवा परिषद्सँग पैरवी स्थानीय/प्रदेश | • २ (दोस्रो र तेस्रो वर्ष ) | सामाजिक सुरक्षा कार्यक्रमहरुबाट युवावर्गको सामाजिक सुरक्षाका विषयहरु समेत सम्बोधन हुने । |

**उद्देश्य नं. २. सामाजिक सुरक्षा कार्यक्रमहरुमा तीन तहका सरकार लगायत सम्बद्ध संघसंस्थाहरुको समन्वय र सहकार्य बढाउने उपायहरुको खोजी र प्रबर्द्धन गर्ने ।**

**रणनीति :**

- सामाजिक सुरक्षा सम्बन्धी नीति निर्माण र पुनरावलोकन कार्यमा विषयगत आबद्ध संस्थाहरु सँग सहकार्य प्रबर्द्धन गर्ने ।
- तीन तहका सरकारले सामाजिक सुरक्षा सम्बन्धी ल्याएका नीति कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन, पारदर्शीता, र जवाफदेहिताका लागि सचेतना अभियान संचालन गर्ने ।
- संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरु र कर्मचारी एवम् सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

| नतिजा | कार्यक्रम | परिमाण सूचक (एकाई/संख्या आदी) | नतिजा सूचक तथा योजनावधिको अन्त्यको स्थिति |
|---|---|---|---|
| ६. सञ्जाल सकृय स्थानीय तहहरुमा पालिकाले आफ्नो स्रोतबाट सामाजिक सुरक्षा सम्बन्धी मौलिक कार्यक्रमहरु प्रारम्भ गरेको हुनेछ । | • प्रदेश तथा स्थानीय तहका संयुक्त मौलिक कार्यक्रमहरु प्रारम्भ गर्न सञ्जालको पैरवी ।<br>• अन्य राष्ट्रको अनुभव र सफलता सम्बन्धी अवलोकन भ्रमण । | • २० (२ प्रदेशका २ स्थानीय तहमा वार्षिक १ पटक)<br>• २ पटक तेस्रो र पाँचौ वर्ष | सञ्जाल सकृय पालिकाहरु मध्ये कम्तीमा १ पालिकामा संयुक्त सामाजिक सुरक्षाका कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन हुने । |
| ७. नीति समीक्षामा लक्षित वर्गको संलग्नता बढ्ने र लक्षित वर्गको पक्षमा नीति परिमार्जन हुनेछ । | • विद्यमान नीतिबारे समीक्षा, सुधारको लागि सुझाव पत्र तयारी ।<br>• विद्यमान नीतिको विषयमा लक्षित वर्गलाई सहभागिता अभिमुखीकरण। | • नीति समीक्षा १ पटक<br>• लक्षित वर्गको अभिमुखीकरण सञ्चालन ७ ( पहिलो र दोस्रो वर्ष ४ वटा प्रदेशमा र तेस्रो र चौथो वर्ष ३ वटा प्रदेशमा) | नीति समीक्षा र अभिमुखीकरण कार्यक्रमहरुमा लक्षितवर्गको उपस्थिति देखिनथाल्ने । |
| ८.स्थानीय जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी र सरोकारवालामा सामाजिक | • छलफल, सम्वाद कार्यक्रम ।<br>• तालिम संचालन | • ७ वटा (सबै प्रदेशका १ स्थानीय तहमा तेस्रो र पाँचौ वर्ष ) | सबै तहमा जनप्रतिनिधि र पैरवीकर्ता बीच समन्वय सम्बन्ध र वकालतको प्रभावकारिता बढ्ने । |

| | | | |
|---|---|---|---|
| सुरक्षा कार्यक्रमको नीतिबारेमा जानकारी वृद्धि हुनेछ । | | | |

| **उद्देश्य नं. ३. सामाजिक सुरक्षा कार्यक्रमहरु तथ्यमा आधारित भइ तर्जुमा हुन र कार्यक्रम अनुगमनमा सञ्जाल सदस्य हरुको विशेष प्रकारका कार्य मार्फत अर्थपूर्ण सहभागिता बढाउन भूमिका निर्वाह गर्ने ।** | | | |
|---|---|---|---|
| **रणनीति :**<br>• प्रदेश सरकार र स्थानीय तहको सामाजिक सुरक्षा कार्यक्रम योजना तर्जुमाका विषयगत समितिहरुमा सञ्जालका स्थानीय सदस्यहरुको सहभागिता अभिवृद्धि गर्ने ।<br>• लक्षित वर्गको स्वामित्व सुनिश्चितताका लागि अनुमन प्रकृयामा समुदायलाई कृयाशिल बनाउने ।<br>• विशेष सहयोग आवश्यक भएका तथा असहाय लाभग्राहीको दर्ता नवीकरण सरलीकरण र बैंकिंग शिक्षा विस्तारका लागि भूमिका बढाउने ।<br>• कार्यक्रममा देखिने विकृति, अनियमितता, कमजोरी तथा समस्याहरुका सम्बन्धमा तथ्यांक, अनुगमनका आधारमा सम्बन्धित निकायमा खवरदारी गर्ने । | | | |
| **नतिजा** | **कार्यक्रम** | **परिमाण सूचक (एकाई/संख्या आदी)** | **नतिजा सूचक तथा योजनावधिको अन्त्यको स्थिति** |
| ९. नवीकरण सरलीकरण र बैंकिंग शिक्षा विस्तारबाट आर्थिक अनियमितता घटाउन मद्दत हुनेछ । | • विशेष हेरचाह तथा असहाय लाभग्राही का लागि नवीकरण सरलीकरण बारेको समुदायस्तरमा १ दिने छलफल<br>• बैंकिंग शिक्षा बारेको समुदायस्तरमा छलफल | • प्रदेश नम्बर २ र कर्णाली प्रदेशका १ पालिकामा<br>• वागमति प्रदेशको १ पालिकामा दोस्रो वर्ष | बैंकिंग प्रकृयामा लाभग्राहिको सङ्ख्या बढ्ने । |
| १०. पालिकाको विषयगत समितिहरुले सामाजिक सुरक्षा कार्यक्रमहरुमा लक्षित वर्ग सम्बन्धी तथ्यहरुका आधारमा योजना तर्जुमा गरेका हुनेछन । | • समुदायस्तरमा योजना तर्जुमा एकदिने छलफल | • १० वटा पालिका ( गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा प्रत्येक वर्ष १।१ वटा पालिकामा) | पालिकाका दलित महिला सदस्यहरुको कृयाशिलता बढ्ने । |

| | | | |
|---|---|---|---|
| ११. पालिकाले आफ्नो स्थापित कार्यविधि अनुसार सामाजिक सुरक्षा कार्यक्रमको समेत निरन्तर अनुगमन गरेको हुनेछ । | • सामाजिक सुरक्षा कार्यक्रम स्थानीय अगुमन समितिसँग बैठक, सम्वाद<br>• अनुगमन कार्यविधि समीक्षामा सञ्जाल सदस्यको सहभागिता<br>• जनहित याचिका तयारी | • २१ वटा पालिका - पहिलो, तेस्रो र चौथो वर्ष ३ पटक सातै प्रदेशमा प्रत्येक प्रदेशमा १ स्थानीयि तह पर्नेगरी )<br>• ७ वटा (सातै प्रदेशमा पाँचवर्ष भित्र ) | कार्यविधिअनुसार पालिकास्तरको निरन्तर अनुगमन भइ लाभग्राहीको गुनासो व्यवस्थापन हुने । |
| १२. सामाजिक सुरक्षा कार्यक्रममा पारदर्शिता वृद्धि हुनेछ । | • सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रममा पारदर्शितामा सम्बन्धी औजारको प्रयोग प्रभावकारीता अध्ययन र तीन तहका सरकारलाई सुझाव पेश गर्ने । | • अध्ययन र सरकारलाई सुझाव पेश (एक पटक तेस्रो वर्ष) | सामाजिक सुरक्षा कार्यक्रममा देखिएका कमजोरी सुधार हुनेछ । |

**उद्देश्य नं.४ सामाजिक सुरक्षाका सरोकारका विषयका सन्दर्भमा खबरदारी भूमिका निर्बाह गर्दै सञ्जाललाई राष्ट्रिय स्तरको एक संगठित, निष्पक्ष, आत्मनिर्भर र दीगो सञ्जालका रुपमा विकास गर्ने ।**

**रणनीतिः**

- सञ्जालले अध्ययन, अनुसन्धान र प्रकाशन तथा राष्ट्रिय स्तरका बहस, संबाद गतिविधि बढाउने ।
- सामाजिक सुरक्षा योजना तर्जुमा र कार्यान्वयनमा यस क्षेत्रमा कार्यरत संघसंस्था र तिन तहका सरकारबीच अनुभव, ज्ञान तथा प्रबिधि आदान प्रदान गर्ने ।
- सञ्जालको संस्थागत विकासको योजना (रणनीतकि योजना, तालिम योजना, website update आदि) बनाई कार्यान्वयन गर्ने ।

| नतिजा | कार्यक्रम | परिमाण सूचक (एकाई/संख्या आदी) | नतिजा सूचक तथा योजनावधिको अन्त्यको स्थिति |
|---|---|---|---|
| १३. सामाजिक सुरक्षाका कार्यक्रमहरु उपर निरन्तरको खबरदारीका कारण सञ्जाल नागरिकको नजिक हुनेछ । | • रेडियो कार्यक्रम (जनहितमा जारी सन्देश)<br>• टेलिभिजन बहस<br>• सामाजिक सञ्जालमा अभियान चलाउने<br>• पत्रपत्रिकाको समीक्षा र तुलनात्मक विश्लेषण | • २४ (वार्षिक १२ वटा पहिलो र दोस्रो वर्ष मात्र)<br>• एक वर्षमा ३ वटा<br>• वार्षिक १ पटक<br>• वार्षिक १ पटक | सुसुचित हुने नागरिकको संख्यामा बृद्धि भएको हुनेछ । |
| १४. नीति निर्माता,प्राज्ञिक, अनुसन्धानकर्ता, विज्ञ, अभ्यासकर्तामा सामाजिक सुरक्षा सम्बन्धी सूचनाको पहुँचमा बृद्धि । | • सामाजिक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान<br>• बहस तथा अन्तरक्रिया, छलफल सम्वाद | • वार्षिक ५<br>• वार्षिक ५ | सञ्जालको सञ्चार योजना (communication plan) कार्यान्वयन हुने । |
| १५. सञ्जालको आवधिक योजना र संस्थागत विकास योजनाको (Organizational Plan) | • कार्यशाला, छलफल, मस्यौदा समीक्षा/पृष्ठपोषण<br>• छपाइ, प्रकाशन एवं वितरण | • वार्षिक ५<br>• दोस्रो वर्षमा १ पटक | सञ्जालको संस्थागत विकास र सदस्यहरुको सामाजिक सुरक्षा कार्यक्रमको प्रबर्द्धन सम्बन्धी क्षमता अभिबृद्धि हुने । |

| | | | |
|---|---|---|---|
| दस्तावेज तयार भएको हुनेछ । | | | |
| १६. सञ्जाल, सामाजिक क्षेत्रमा कार्यरत संघसंस्था र तिनै तहका सरकारबीच अनुभव, अभ्यास ज्ञान तथा प्रबिधि आदान प्रदान भएको हुनेछ । | • अवधारणा र उदेश्य स्पष्टताबारे सञ्जालका सदस्य संस्थाहरुको संयुक्त अभिमुखीकरण<br>• सञ्जालहरुबीच ज्ञान आदानप्रदान<br>• साभ्का धारणा तयारी प्रबिधि आदान प्रदान<br>• तीनै तहका सरकारसंग यस सम्बन्धी समन्वय एवं अन्तरक्रिया | • वार्षिकरुपमा कुल ५ वटा<br>• वार्षिकरुपमा कुल ५ वटा<br>• २ ( दोस्रो र चौथो वर्षमा )<br>• ३ (तेस्रो चौथो र पाँचौ वर्ष) | सञ्जाल एक संगठित, निष्पक्ष, आत्मनिर्भर र दीगो सञ्जालका रुपमा कृयाशिल देखिने । |

| **उद्देश्य नं. ५. सामाजिक सुरक्षा कार्यक्रमका लक्षित बर्ग र लाभग्राहीको क्षमता बढाउने ।** | | | |
|---|---|---|---|
| **रणनीति :**<br>● सञ्जाल र सदस्य संस्थाका लक्षित बर्ग एवम् लाभग्राहीहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुन सुशुचित गर्ने ।<br>● राष्ट्रिय एकीकृत सामाजिक सुरक्षा संरचनाको विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति दायरा भित्र रही स्थानीय सामाजिक सुरक्षा कार्यक्रमहरु तर्जुमाका लागि प्राविधिक क्षमता अभिबृद्धि गर्ने ।<br>● सामाजिक सुरक्षाको विषयलाई पाठ्यक्रममा समावेश गर्न अनौपचारिक क्षेत्र, बालवालिका सम्बद्ध तथा सामुदायिक संघसंस्था मार्फत सचेतना अभिबृद्धि गर्ने । | | | |
| **नतिजा** | **कार्यक्रम** | **परिमाण सूचक (एकाई/संख्या आदी)** | **नतिजा सूचक तथा योजनावधिको अन्त्यको स्थिति ।** |
| १७. प्रदेश/ स्थानीय बिपद व्यवस्थापन समिति /जि वि व्य समितिहरुमा विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धी जानकारी भएको हुनेछ । | ● तीन तहका सरकारमा विपद् संवेदनशील सामाजिक सुरक्षा योजना बारे वकालत ।<br>● बिपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धी ऐन तथा कानुन निर्माण/परिमार्जनका लागि पहलकदमी गर्ने । | ७( एक प्रदेशमा एउटा)<br>७( एक प्रदेशमा एउटा) | सामाजिक सुरक्षा कार्यक्रमहरुबाट विपद् लागयतका जोखिममा परेकाहरु समेत लाभान्वित हुने अवधारणा विकास हुने । |
| १८. सामाजिक सुरक्षाको विषय शिक्षाको आधारभूत तहको पाठ्यक्रममा समावेश हुने आधार तयार हुनेछ । | ● विधायकहरु सँग सामाजिक सुरक्षाको विषय समावेश गर्ने सम्बन्धमा अन्तरक्रिया | ● वार्षिक एक पटक<br>● वार्षिक एक पटक | सामाजिक सुरक्षाको विषय राष्ट्रिय जीवनका सबै तहमा सुसुचित र प्राथमिकताको विषय हुनथाल्नेछ । |

| | | | |
|---|---|---|---|
| | • युवा सम्बद्ध संस्था र नागरिक समाज संस्थाहरु सँग सामाजिक सुरक्षाको विषय समावेश गर्ने सम्बन्धमा अन्तरक्रिया | | |

## २.१० कार्यक्रम तथा बजेट

माथी २.८ मा प्रस्ताव गरिएका वार्षिक कार्यक्रमहरु र प्रस्तावित बजेट तल तालिकामा प्रस्तुत गरिएको छ ।

| नतिजा संख्या | कार्यक्रम | परिमाण सूचक (एकाई/संख्या आदि) | वर्ष | | | | | कुल रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ | |
| १ | संसदीय (विधायन समिति) समिति /संवैधानिक आयोगका पदाधिकारीहरु सँग अन्तरक्रिया/ सम्वाद | विधायन समितिसँग अन्तरक्रिया- ५ (वार्षिक १ पटक) | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| | | संवैधानिक आयोगका पदाधिकारीहरु सँग सम्वाद - ५ (वार्षिक १ पटक) | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| | राजनीतिक दलको घोषणा पत्रमा सामाजिक सुरक्षा सम्बन्धित विषय राख्न पैरवी/अभियान | राजनीतिक दलका घोषापत्र मस्यौदा समितिसँग सम्वाद- ५ (वार्षिक १ पटक) | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| २ | पालिकामा बेसलाइन अध्ययन | २ वटा पालिका | | १५०००० | | | १५०००० | ३००००० |
| | समुदाय तहमा लक्षित वर्गको बैठकहरु संचालन गराउने | सञ्जाल सदस्य कार्यरत क्षेत्रमा - १० (वार्षिक २ पटक) | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० |
| | घटना दर्ताको लागि प्रचारमुलक कार्यक्रम । ( रेडियो, टिभि, सामाजिक सञ्जाल र पत्रपत्रिका) | रेडियो प्रचार प्रसार कार्यक्रम (२० वार्षिक ४ वटा) | | ४२०००० | ४२०००० | ४२०००० | ४२०००० | १६८०००० |
| | | टिभिमा सामग्री प्रसारण - २० ( वार्षिक ४ वटा) | २४००००० | | | | | २४००००० |
| | | पत्रपत्रिकामा सूचना प्रसारण - २० ( वार्षिक ४ वटा) | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पोष्टर पम्पलेट प्रकाशन - २० ( वार्षिक ५ हजार) | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० |
| ३ | अभिलेख अद्यावधिक पैरवीका लागि सञ्जाल सदस्यको पालिकास्तरीय समन्वयात्मक बैठक । | ३५ (सातै प्रदेशका १।१ पालिकामा वार्षिक १ पैरवी/ बैठक) | ३५००० | ३५००० | ३५००० | ३५००० | ३५००० | १७५००० |
| ४ | स्थानीयरुपमा अभिलेख परिमार्जन सुधारका लागि पैरवी/बैठक । | ५ (आवश्यकता भएका पालिकामा वार्षिक एक पटक ) | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| | गाउँ /नगरपालिका महासंघहरु सँग अन्तरर्कया र सम्बाद | २ (दोसौ र तेस्रो वर्ष ) | | ५०००० | ५०००० | | | १००००० |
| ५ | राष्ट्रिय युवा परिषद सँग पैरवी स्थानीय तथा प्ररदेश तहमा | २ (दोसौ र तेस्रो वर्ष ) | | ७५००० | | ७५००० | | १५०००० |
| ६ | प्रदेश तथा स्थानीय तहका संयुक्त मौलिक कार्यक्रमहरु प्रारम्भ गर्न सञ्जालको पैरवी । | २० (२ प्रदेशका २ स्थानीय तहमा वार्षिक १ पटक) | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० |
| | अन्य राष्ट्रको अनुभव र सफलता सम्बन्धी पालिकातहमा अन्तरकृया। | २ पटक तेस्रो र पाँचौ वर्ष | | | २५००० | | २५००० | ५०००० |
| ७ | विद्यमान नीति बारे समीक्षा सुधारको लागि सुझावपत्र तयारी । | नीति समीक्षा १ पटक | | ५०००० | | | | ५०००० |
| | विद्यमान नीतिको विषयमा लक्षित वर्गलाई सहभागिता अभिमुखीकरण । | लक्षित वर्गको अभिमुखीकरण सञ्चालन ७ ( पहिलो र दोस्रो वर्ष ४ वटा प्रदेशमा र तेस्रो र चौथो वर्ष ३ वटा प्रदेशमा) | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ८ | छलफल, सम्बाद कार्यक्रम । | ७ वटा (सबै प्रदेशका १ स्थानीय तहमा तेस्रो र पाँचौ वर्ष ) | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ९ | नवीकरण सरलीकरण बारेको समुदायस्तरमा छलफल | प्रदेश नम्बर २ र कर्णाली प्रदेशका १ पालिकामा | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बैंकिंग शिक्षा बारेको समुदायस्तरमा छलफल | वागमति प्रदेशको १ पालिकामा दोस्रो वर्ष | | ५०००० | | | | ५०००० |
| १० | समुदायस्तरमा योजना तर्जुमा एकदिने छलफल | १० वटा पालिका ( गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा प्रत्येक वर्ष १।१ वटा पालिकामा | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम स्थानीय अनुगमन समिति सँग बैठक, सम्बाद । | २१ वटा पालिका - पहिलो, तेस्रो र चौथो वर्ष ३ पटक सातै प्रदेशमा प्रत्येक प्रदेशमा १ स्थानीयि तह पर्नेगरी ) | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० |
| | अनुगमन कार्यविधि समीक्षामा सञ्जाल सदस्यको सहभागिता | ७ वटा (सातै प्रदेशमा पाँचवर्ष भित्र ) | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० |
| | | जनहित याचिका तयारी | | २००००० | | | | २००००० |
| १२ | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रममा पारदर्शितामा सम्बन्धी औजारको प्रयोग प्रभावकारीता अध्ययन र तीन तहका सरकारलाई सुझाव पेश गर्ने । | अध्ययन र सरकारलाई सुझाव पेश (एक पटक तेस्रो वर्ष) | | | १००००० | | १००००० | २००००० |
| १३ | रेडियो कार्यक्रम (जनहितमा जारी सन्देश) | २४ ( वार्षिक १२ वटा पहिलो र दोस्रो वर्ष मात्र ) | ३६००० | ९०००० | २५००० | २०००० | १५००० | १८६००० |
| | टेलिभिजन बहस | १० ( दोस्रो वर्ष मात्र) | २०००००० | २४००००० | | | | ४४००००० |
| | सामाजिक सञ्जालमा अभियान चलाउने | एक वर्षमा ३ वटा | ४०००० | ६०००० | ७०००० | ४०००० | ४०००० | २५०००० |
| | | सामाजिक सुरक्षा सप्ताह | १०८०००० | | | | | १०८०००० |
| | पत्रपत्रिकाको समीक्षा र तुलनात्मक विश्लेषण | वार्षिक १ पटक | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| १४ | सामाजिक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान | वार्षिक ५ | | २००००० | | २००००० | | ४००००० |
| | बहस तथा अन्तरक्रिया, छलफल सम्बाद | वार्षिक ५ | | २५००० | | २५००० | | ५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | कार्यशाला, छलफल, मसौदा समिक्ष तथा पृष्ठपोषण | वार्षिक ५ | ५०६००० | ४००००० | ४००००० | ४००००० | ४००००० | २१०६००० |
| | छपाइ, प्रकाशन एवम् वितरण | दोस्रो वर्षमा १ पटक | ८९००० | ८९००० | | | | १७८००० |
| १६ | अवधारणा र उदेश्य स्पष्टताबारे सञ्जालका सदस्य संस्थाहरुको संयुक्त बैठक | वार्षिकरुपमा ५ वटा | २५००० | २०००० | १५००० | १०००० | ५००० | ७५००० |
| | सञ्जालहरुबीच ज्ञान आदानप्रदान | वार्षिक रुपमा ५ वटा | २५००० | २०००० | १५००० | १०००० | ५००० | ७५००० |
| | साझा धारणा तयारी प्रबिधि आदान प्रदान | २ ( दोस्रो र चौथो वर्षमा ) | ४७८००० | ४७८००० | ४७८००० | | | १४३४००० |
| | | ३ (तेस्रो चौथो र पाँचौ वर्षमा) | ४५४६०० | ४५४६०० | ४५४६०० | | | १३६३८०० |
| १७ | तीन तहका सरकार बीच विपद् संवेदनशील सामाजिक सुरक्षा योजना बारे वकालत । | ७ (एक प्रदेशमा एक वटा) | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० |
| | बिपदमैत्री सामाजिक सुरक्षा सम्बन्धी ऐन तथा कानुन निर्माण/परिमार्जनका लागि पहल कदमी गर्ने । | ७ (एक प्रदेशमा एक वटा) | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| १८ | विधायकहरु सँग सामाजिक सुरक्षाको विषय समावेश गर्ने सम्बन्धमा अन्तरक्रिया | वार्षिक १ पटक | ६०००० | ८०००० | १००००० | १००००० | १००००० | ४४०००० |
| | युवा सम्बद्ध संस्था र नागरिक समाज संस्थाहरु सँग सामाजिक सुरक्षाको विषय समावेश गर्ने सम्बन्धमा अन्तरक्रिया | वार्षिक १ पटक | ६०००० | ८०००० | १००००० | १००००० | १००००० | ४४०००० |
| | | कुल | | | | | | २१५३२८०० |

# परिच्छेद-३

# अनुगमन तथा मूल्याङ्कन र सञ्चार योजना

## ३.१ अनुगमन

रणनीतिक योजनाको वार्षिक र समष्टिगत कार्यान्वयनका क्रममा भौतिक, आर्थिक र मानविय श्रोतको परिचालन तथा उपयोग कार्ययोजना बमोजिम भए, नभएको हेरी आवश्यक सुधारका लागि व्यवस्थापनलाई पृष्ठपोषण गर्ने कार्य अनुगमन हो । प्रस्तुत रणनितिक योजनाको हकमा प्रतिफल/नतिजा तहका कार्यक्रम गतिविधिहरुको प्रगति एवम् उपलब्धी मापन मुख्य रुपमा संस्थाको अनुगमन समितिहरुबाट गरिनुपर्छ। यस पाँचवर्षे योजनाको नतिजामा आधारित वार्षिक तथा आवधिक अनुगमन गर्ने कामका लागि कार्ययोजनाको प्रगति तुलना, आन्तरिक अनुगमन र प्रगति समिक्षा तथा प्रतिवेदन जस्ता गतिविधिहरु सम्पन्न गरिनेछन । यसका लागि परिच्छेद २.८ र २.९ को विषयगत नतिजा तालिकामा उल्लेख गरिएको लक्ष्य र प्रमुख सूचकहरुको परिमाणात्मक उपलब्धीहरुको अनुगमन गर्न आन्तरिकरुपमा छुट्टै वार्षिक फारमहरु तयार गरिनेछ। वार्षिक नतिजामा उल्लेख गरिएका प्रमुख सुचकका अतिरिक्त सहायक एवम् सहयोगी सूचकहरुको माध्यमबाट समेत अनुगमन गरिनेछ। अनुगमन सम्बन्धी आन्तरिक फारमहरु तयार गरिंदा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको वार्षिक कार्यान्वयन योजनाको समय तालिकालाई ध्यानमा राखी तयार गरिनेछ।

यसैगरी बार्षिकरुपमा आयव्ययको समिक्षा एवम् विश्लेषणबाट देखिएको निस्कर्षलाई रणनितिक योजनाको मध्यावधिकाल र अन्तिम पाँचौवर्षको कार्यान्वयन पश्चात हुने मूल्याङ्कनका लागि उपयोग गरिनेछ । अनुगमनको समयावधि र frequency सञ्जाल सदस्यहरु र स्रोत सहयोगी पक्षको आन्तरिक आवश्यकता अनुसार गरिनेछ। अनुगमन कार्य सम्पन्न भई सकेपछि प्राप्त उपलब्धीहरूको समिक्षा कार्यकारिणी तथा पदाधिकारी, लगायत सरोकारवालाको सहभागितामा गरिनेछ।

## ३.२ मूल्याङ्कन

सम्पन्न कामबाट निर्धारित लक्ष्य एवं उद्देश्यहरु हासिल भयो, भएन, प्रक्षेपित प्रभाव उत्पन्न भयो, भएन, लगानी सार्थक भयो, भएन भनी स्वतन्त्र र निष्पक्ष ढंगबाट कुनै नीति, रणनीति, योजना, कार्यक्रमको लेखाजोखा गरी भविष्यका लागि दिशानिर्देश गरिने काम मूल्याङ्कन हो । योजना कार्यान्वयनको मध्यावधी मूल्याङ्कन तथा योजना कार्यान्वयनको पाँच वर्ष पुरा भएपछि अन्तिम मूल्याङ्कन तेश्रो पक्षबाट गराइनेछ। अन्तिम मूल्याङ्कन स्वतन्त्र विज्ञ समूह वा संस्था द्वारा गराइनेछ। विज्ञ टोलीले यस योजनाको, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा, सूचक र लगानीलाई आधार मानी योजनाको

मूल्यांकन गर्नेछ । मूल्याङ्कन प्रतिवेदनलाई आगामी आवधिक योजना तर्जुमाको परिमार्जनका लागि प्रयोग गरिनेछ ।

## ३.३ सञ्चार योजना

रणनितिक योजनाको सम्पूर्ण पक्षको कार्यान्वयन र समस्याहरुको सम्बोधनको अवस्था बारे संस्थाको सञ्चार नीति अनुरुप योजना सरोकार पक्षलाई आवश्यक सुचना प्रदान गर्न तयार गरिने विवरण नै सञ्चार योजना हो । प्रस्तुत सञ्चार योजना सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुरुप प्रवाह गर्नैपर्ने सूचना सम्बन्धी प्रावधान र संस्थाको सञ्चार नीतिमा आधारित भइ तयार गरिएको छ । विवरणमा औपचारिकरुपमा क- कस्का निम्ति (target audience), कुन -कुन खास सूचना प्रवाह गर्ने ( deliverables), कहिले त्यो सूचना सम्प्रेषण हुने (timeline), सञ्चार प्रवाहको माध्यम के हुने ( channel) र सुचना प्रवाहका लागि को जिम्मेबार हुने ? (responsibility) भनी उल्लेख गरिएको छ । साथै सञ्चार योजना अनुरुप प्रवाह गरिने सूचनाबाट परिच्छेद २.६ मा उल्लेखित कुन मूख्य समस्या क्षेत्र सम्बोधित हुन्छन समेत उल्लेख गरिएको छ ।

| मूख्यमूख्य कार्यक्रमहरुको सञ्चार योजना | | | | | | |
|---|---|---|---|---|---|---|
| मूख्यमूख्य समस्या क्षेत्र (परिच्छेद २.६ बाट)<br><br>१. सामाजिक सुरक्षा भत्ताको लाभहरु उपर लक्षित वर्गको पहुँच बढाउन आवश्यक एकल दर्ता प्रणाली नहुनु ।<br><br>२. प्रदेश तथा स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार सहित जिम्मेवार बनाउन प्रदेश र स्थानीय तहका सरकारका भूमिका र जिम्मेवारी स्पष्ट नहुनु ।<br><br>३. कार्यक्रमहरुको एकीकरण, प्रकृयागत सरलीकरण, स्थानीयतहको स्रोत साझेदारी बढाउन र अनुगमनका लागि प्रदेश र स्थानीय तहका सरकारका भूमिका कायम गर्न एकीकृत नीतिगत व्यवस्थाका लागि सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय संरचना न नहुनु ।<br><br>४. जोखिम न्यूनीकरणका लागि सहयोग समबन्धी नीति नहुनु । | | | | | | |
| सञ्चार सम्बद्ध निकाय (Audience) | मूख्यमूख्य कार्यक्रम सम्बन्धी परिणाम (Deliverables) | सञ्चार गरिने समय | सञ्चार गरिने विषयको संक्षिप्त विवरण | सूचना प्रवाह तरिका | जिम्मेवारी | समस्या क्षेत्र |
| सङ्घीय सरकारी निकाय | संसदीय (विधायन समिति) समिति/संवैधानिक आयोग अन्तरक्रिया / सम्वाद | वार्षिक १ पटक संसद/संसदीय समिति बसेको बखत | अन्तरक्रियामा उठेका विषय र संसदीय समितिको धारणा । | रेडियो कार्यक्रमबाट /Web site | सञ्जालको तर्फबाट बैठक नेतृत्वकर्ता | १/३ |
| | राजनीतिक दलको घोषणापत्रमा सामाजिक सुरक्षा सम्बन्धित विषय राख्न पैरवी/अभियान | प्रत्येक वर्ष पौषमा एकएक प्रमुख राजनैतिक दलसँगको अन्तरकृया | सञ्जालले उठान गरेको विषय र राजनैतिक दलहरुको प्रतिकृया र धारणा । | दलको web site | सञ्जालको Web site सञ्जालको तर्फबाट बैठक नेतृत्वकर्ता/ Coordinator | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिलेख अद्यावधिक पैरवी | प्रत्येक वर्षको भाद्र मसान्तसम्म | सञ्जाल सदस्यको पालिकास्तरीय समन्वयात्मक बैठकमा उठाइएका विषय / सहमति | थानीय तहको web site÷ सञ्जालको Web site | | |
| | पारदर्शितामा सम्बन्धी औजारको प्रयोग प्रभावकारीता अध्ययन र सुझाव | तेस्रो वर्षको योजना राजस्व परामर्श तथा बजेट तथा योजना तर्जुमा समितिहरुको बैठक बस्नु अगाबै | अध्ययनबाट देखिएका निष्कर्ष र सुझाव । | सञ्जालको Web site | | |
| | बिपदमैत्री सामाजिक सुरक्षा सम्बन्धी ऐन तथा कानुन निर्माण/परिमार्जन पहल | हरेक वर्ष एक एक बटा प्रदेशमा चैत्र भित्र | प्रदेश र स्थानीयतहले यस्तो आवश्यकताका सम्बन्धमा देखाएको चासो | सम्बन्धित प्रदेशमा कार्यरत सञ्जालसदस्यको web site /सञ्जालको Web site | | ४ |
| | पाठयक्रम सुधारका लागि पाठयक्रम विकास केन्द्रसंग अन्तरक्रिया एवं पैरवी । | पहिलो र दोस्रो वर्ष वार्षिक एक पटक पौष माघमा | सामाजिक सुरक्षा विषयको महत्वलाई पाठ्यक्रममा समावेश हुने विषयलाई कुन रुपमा कसरी हेरिएको छ रु | सञ्जालको Web site | | १ र २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश तथा स्थानीय तहका सरकारी निकाय | गाउँ/नगरपालिकाका महासंघसँग अन्तरक्रिया, सम्वाद् | दोस्रो र तेस्रो वर्ष एक एक पटक साउनमा | :थानीय तहमा सञ्जालको पैरवीलाई समन्वयात्मक तबरले लैजाने बारे सहकार्य बैठकहरु | महासङ्घहरुको website/ सञ्जालको Web site | | ३ |
| | समुदायस्तरमा योजना तर्जुमा छलफल | प्रत्येक वर्ष वडास्तरीय योजना तर्जुमाका बखत | वडास्तरबाट सामाजिक सुरक्षा कार्यक्रम बारे नौला योजना माग भए नभएको | वडा कार्यालय सूचनापाटी | | ३ |
| | पालिकामा बेसलाइन अध्ययन | दोस्रो र पाँचौ वर्ष आर्थिक वर्ष प्रारम्भ हुनासाथ | बेसलाइनमा पालिकाको अवस्थाबारे | सम्बन्धित पालिकाको Web site | | |
| नागरिक समाज (Civil Society) | सामाजिक सुरक्षासम्बन्धी अध्ययन अनुसन्धान | दोस्रो र चौथो वर्ष असोजमा पहिलो किस्ता भुक्तानी पश्चात | कार्यक्रमको प्रभावकारितामा नागरिक समाजको भूमिकाबारे उजागर भए नभएको | रेडियो | | ३ |
| | तीनै तहका सरकारमा Adaptive /Shock Responsive सामाजिक सुरक्षा योजना बारे वकालत। | हरेक वर्ष एक एक बर्ष प्रदेशमा एउटाका दरले साउनमा | विपद जोखिम न्यूनीकरणका लागि सामाजिक सुरक्षाको नगद सहयोगको उपादेयता | रेडियो/ स्थानीय तहको सूचना माध्यम | | ४ |
| | नवीकरण सरलीकरण बारेको समुदायस्तरमा छलफल | दोस्रो वर्ष | सरलीकरणका मुद्दाहरु र स्थानीय तहमा उठाइनुपर्ने विषयहरु | | | १ र २ |
| | जनहित याचिका तयारी | दोस्रो वर्षमा | आवश्यकता बारे जनस्तरमा सूचना प्रवाह | रेडियो/ स्थानीय तहको सूचना माध्यम | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सञ्चार क्षेत्र (Media) | छलफल, सम्वाद कार्यक्रम । | तेस्रो र पाँचौ वष | निर्धारित विषयहरु सम्प्रेषण | | | सबै |
| | रेडियो कार्यक्रम (जनहितमा जारी सन्देश) | पहिलो र दोस्रो वर्ष मात्र | | | | |
| | टेलिभिजन बहस | दोस्रो वर्ष मात्र | | | | |
| संस्था/ कार्यालय/ पदाधिकारी/ कर्मचारी (Office/Employees) | सङ्गठन विकास योजना सम्बन्धी प्रतिवेदन उपर छलफल | दोस्रो वर्षमा प्रतिवेदन तयार भएको महिना | संस्थागत विकासका लागि चाल्नुपर्ने कदमहरुको समीक्षा | | | |
| | अवधारणा र उदेश्य स्पष्टताबारे सञ्जालका सदस्य संस्थाहरुको संयुक्त बैठक | प्रत्येक साउनको तेस्रो साता | समन्वय र सहकार्यको समीक्षा | | | |
| | संस्थाको आयव्यव सार्वजनिकीकरण | अर्धवार्षिक रुपमा | आयव्ययको लेखाजोख | सञ्जालको web site | | |

## ३.४ जोखिम पक्ष र अनुमान

प्रस्तुत रणनीतिक योजना सञ्जाल सम्बद्ध संस्थाहरुको सामाजिक सुरक्षा सम्बन्धी सामूहिक लक्ष प्राप्तिका लागि तयार गरिएको हो । सञ्जाल सम्बद्ध संस्थाहरुले यस योजना कार्यान्वयनका लागि आ आफना स्रोत जुटाइ साझेदारीको भावना अनुरुप कार्यक्रमहरुमा लगानी गर्नुपर्ने हुन्छ । योजना अवधिका लागि सञ्जाल सम्बद्ध संस्थाहरुबाट अनुमान गरेको स्रोत लक्षित वर्षमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रमहरु प्रभावित हुनसक्छन ।

विश्वव्यापीरुपमा फैलिएको महामारी कोभिड-१९ को संक्रमण दर र सोको रोकथामका लागि सरकारले गर्ने नियन्त्रणात्मक गतिविधिका कारण रणनीतिक योजनाका प्रदेश र स्थानीयतहका कार्यक्रम गतिविधिहरु थप प्रभावित हुनसक्छन ।

संस्थाको आफ्नो सिमीत कार्यान्वयन क्षमता र सदस्यसंस्थाका थोरै जनशक्तिका कारण लक्षित कार्यक्रमहरु कार्यान्वयनमा नजान सक्छन ।

हाल कायम सदस्य संस्थाहरुको संख्या, तिन्को सदस्यताको निरन्तरता र सकृयता प्रस्तुत योजनाको पूर्वशर्त रहेको छ ।